## उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक पुस्तिका

बैठक संख्या -१०३

आज मिति २०८१/०७/२६ गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री माधवप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| क्र.स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री माधवप्रसाद अर्याल | अध्यक्ष | |
| २ | श्री चमेली गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री मार सिङ तामाङ | वडा अध्यक्ष | |
| ४ | श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष | |
| ५ | श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष | |
| ६ | श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष | |
| ७ | श्री यमनाथ आचार्य | वडा अध्यक्ष | |
| ८ | श्री बुटी तामाङ | सदस्य | |
| ९ | श्री ज्ञानु विश्वकर्मा | सदस्य | |
| १० | श्री शान्ती माया तामाङ | सदस्य | |
| ११ | श्री पुतली विश्वकर्मा | सदस्य | |
| १२ | श्री पुर्ण बहादुर घले | सदस्य | |
| १३ | श्री राम बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री सृष्टि के.सी. | नि. सचिव | |

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः १०३ मितिः २०८१/०७/२६

निर्णयहरुः

१. आ.व. २०८१।०८२ का लागि शिक्षा युवा तथा खेलकुद विकास तर्फ विनियोजित बजेट अन्तर्गतका कार्यक्रम तथा क्रियाकलापलाई विशिष्टिकृत गरी थप प्रभावकारी रुपमा सञ्चालन गर्न तयार पारिएको कार्यक्रम कार्यान्वयन मार्गदर्शन २०८१ सर्वसहमतिले पारित गर्ने ।

२. राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निः शुल्क हुने संविधान प्रदत्त मौलिक हकलाई व्यवहारमा उतारी शिक्षामा सबैको सहज एवम् समतामूलक पहुँच र निरन्तरता सुनिश्चितता गरी आधारभूत शिक्षा अनिवार्य रुपमा प्राप्त गर्ने वातावरण सिर्जना गर्ने कार्यमा टेवा पुर्‍याउन यस गाउँपालिकाको तर्फबाट रु ५,००,०००।– सम्मको बजेट व्यवस्थापनका लागि आगामी गाउँ सभामार्फत स्रोत सुनिश्चित गरी उत्तरगया गाउँपालिकाभित्र यसै आ.व मा अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा गर्ने प्रतिबद्धता सहित अनिवार्य तथा निःशुल्क शिक्षा लागु गर्न अनुदान प्राप्तिका लागि सम्बन्धित निकायमा प्रस्ताव पेश गर्न आवश्यक प्रबन्ध मिलाई कार्य अगाडि बढाउन श्री शिक्षा, युवा तथा खेलकुद शाखालाई निर्देशन दिने।

३. यस गाउँपालिका अन्तर्गतका तपसिल बमोजिका प्रहरी चौकीहरुलाई बडा दशैंको अवसरमा हतियार पूजाका लागि देहाय बमोजिमको रकम विविध शीर्षकबाट भुक्तानी हुने गरी उपलब्ध गराउनेः

बेत्रावती प्रहरी चौकी– रु २०,०००।–अक्षेरुपी बीस हजार रुपैंया मात्र ।

सल्लेटार प्रहरी चौकी – रु १५,०००।– अक्षेरुपी पन्ध्र हजार रुपैंया मात्र ।

डाँडागाउँ प्रहरी चौकी – रु १५,०००।– अक्षेरुपी पन्ध्र हजार रुपैंया मात्र ।

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः १०३ मितिः २०८१/०७/२६

४. उत्तरगया गाउँपालिका वडा नं ५ मा रहेको राम मन्दिरको विद्युत महसुलको बिल बमोजिमको हर्जना सहितको रकम विविध शीर्षकबाट भुक्तानी हुने गरी उपलब्ध गराउने ।

५. बागमती प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय शहरी विकास तथा भवन कार्यालय विदुर नुवाकोटको मिति २०८१।०७।१४ गतेको पत्रका सम्बन्धमा बागमती प्रदेश जनता आवास कार्यक्रम कार्यान्वयन २०८० बमोजिम नेपाल सरकारबाट पहिले आवास सुविधा प्राप्त नगरेका / नपाएका र राष्ट्रिय पुनः निर्माण प्राधिकरण अन्तर्गत भूकम्प प्रभावित नामावलीमा नपरेकाहरु मध्येबाट उत्तरगया गाउँपालिका वडा नं २ का लक्ष्मी कुमारी गुरुङ को नाम सिफारिस गरी सम्बन्धित कार्यालयमा पठाउन कार्यालयलाई निर्देशन दिने ।

६. उत्तरगया गाउँपालिका वडा नं ५ को पुरानो कार्यालय भवन वि.सं.२०७२ सालको महाभूकम्पका कारण चर्किएर जिर्ण भई सामान्य मर्मत सम्भार गरी कार्य सञ्चालन हुँदै आएकोमा उक्त भवनबाट सेवा प्रवाहमा कठिनाई भएका कारणनयाँ भवन व्यवस्थापनका लागि आ.व. २०८१।०८२ मा समपूरक अनुदान मार्फत बजेट व्यवस्थापन भई ठेक्का प्रक्रिया समेत सुरु भएकोले कित्ता नं ७१२ मा रहेको वडाको पुरानो ७ कोठे भवन र जस्ता फलामको ३ कोठे अस्थायी टहरा समेतको प्रचलित कानुन बमोजिम लिलाम गर्ने प्रयोजनका लागि सम्पत्ति तथा जिन्सी मालसामानको मूल्यांकन गरी कार्य अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने ।

७. यस गाउँपालिका र श्री कालिका बहुउद्देश्यीय सहकारी संस्था लि बीचको साझेदारीमा एम्बुलेन्स सञ्चालन भइरहेकोमा एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन वि.सं २०८१ साल कार्तिक मसान्तसम्मको आर्थिक क्रियाकलाप फर्छ्यौट

गरी मंसिर महिनादेखि गाउँपालिकाको कार्यालयबाट सञ्चालन तथा व्यवस्थापन हुने गरी प्रबन्ध मिलाउन कार्यालयलाई निर्देशन दिने ।

८. मिति २०८१ साल कार्तिक २७ गते यस उत्तरगया गाउँपालिका वडा नं ५ बेत्रावतीमा रहेको पवित्र पुण्य क्षेत्र उत्तरगयाधाम र वडा नं ३ ठूलोगाउँमा रहेको भुमेस्थान मन्दिरमा परम्परा देखि नै हरिबोधनी एकादशीको दिन पूजाआजा हुने र भक्तजनहरुको ठूलो मेला लाग्ने हुँदा यस पर्वको पावन अवसरमा मिति २०८१ कार्तिक २७ गते एक दिन यस गाउँपालिका र अन्तर्गतका कार्यालयहरु साथै सबै विद्यालयहरुमा स्थानीय चाडपर्व बिदा दिने ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत